# लकडाउनपछिको सार्वजनिक यातायातः चुनौति र अवसर

चिनको वुहानबाट ४ महिनाअघि सुरु भएको कोरोना भाइरस संक्रमण (कोभिड-१९) को महामारिले एसिया, युरोप अमेरिकी महादिप हुदै संसारका सबैजसो देशहरुलाई अभुतपुर्वरुपमा आक्रान्त पारिसकेको छ। हालसम्म संसारका करिव ३५ लाख जनामा संक्रमण, २ लाख ५० हजार जनालाई मृत्युको मुखमा पुर्याईसकेको यो भाईरसको संक्रमण कम गर्नका लागि मानिसहरुको आवतजावत र भौतिक सम्पर्क न्युनिकरण गर्न संसारका अधिकांश भुभाग अहिले लकडाउनमा छन र इतिहासमै यति धैरै मानिषहरु घरभित्र बन्द छन।

नेपालमा पनि डेढ महिनाभन्दा अघिबाट सुरु गरिएको लकडाउनका कारण आर्थिक गतिबिधी ठप्प छ। सरकारले समयमा नै हवाईसेवा र अन्तर्राष्ट्रीय सिमानासहित आन्तरिक सबै आवागमन बन्द गरेकै कारण नेपालमा कोरोनाको संक्रमण उच्च गतिमा बढ्न सकेको छैन। यद्धपि छिमेकि भारतमा द्रुत गतिमा बढ्दै गइरहेको संक्रमणका कारण खुला सिमाना भएको हाम्रो जस्तो देशले आगामि दिनमा अझै धैरै सावधानी भने अपनाउन पर्ने छ। अर्थतन्त्रका जुनसुकै क्षेत्रको कुरा गर्दा पनि त्यस क्षेत्रको सञ्चालनको लागि मानिसहरुको बासस्थान र कार्यक्षेत्रसम्मको यात्रा निरन्तर हुनुपर्ने हुँदा यातायात क्षेत्र सँगसँगै जोडिएरै आउँछ। यसर्थ कोरोना रोकथाम र नियन्त्रणको हिसावले ति कुनै पनि क्षेत्र सञ्चालन गर्ने कुरा गर्दा यातायात सेवाको क्षेत्रलाई महत्वपुर्ण रुपमा हेरिनु जरुरि छ। जति पछि लकडाउन खोल्दा पनि भाईरस संक्रमणको केहि न केहि संभावना रहने चिन, दक्षीण कोरीया लगायतका अन्तर्राष्ट्रीय अनिभवका अधारमा अहिलेबाटै बिष्तृत “एक्जिट प्लान” बनाउन जरुरि देखीन्छ। त्यस्तो योजनामा यातायात क्षेत्र, उध्योग, बैक, सार्वजनिक सेवाका कार्यालयहरु, निजि तथा सार्वजनिक कार्यालयहरु, स्कुलकलेज, स्वास्थ्यसँस्था आदी क्षेत्रमा अपनाउनु पर्ने सावधानिहरुको कार्ययोजना तथा कार्यान्वयन संयन्त्र को तयारिहरु पर्दछन।

यी समग्र क्षेत्रहरुमध्ये माथि भनिएझैं यातायात क्षेत्रले अरुमा भन्दा धैरै पुर्वतयारि र सावधानी अपनाउन पर्ने हुन्छ, कारण यातायात क्षेत्रले हरेक दिन धैरै भन्दा धैरै जनासँग भौतिक सम्पर्कको ठाउँ दिन्छ र सोहि मात्रामा भाईरस संक्रमणको जोखिम बोकेको हुन्छ। यस आधारमा हेर्दा हरेक क्षेत्र सुरक्षित रुपमा सञ्चालन गर्न दुई ओटा पाटोमा भाइरस संक्रमणको रोकथाम र नियन्त्रणका उपाए अवलम्बन गर्नुपर्छ। तिनिहरुमाध्ये पहिलो, त्यो सम्वन्धित क्षेत्रको कार्यस्थलमै हुनसक्ने संक्रमण हो भने दोस्रो, मानिसहरु आफ्नो बासस्थान र सम्बन्धित कार्यस्थल बिचमा आउने जाने समयमा हुनसक्ने संक्रमण। यी दुईमध्ये मानिसहरुको आवतजावतका दौरान संक्रमणको जोखिम उच्च हुन्छ किनकि विभिन्न क्षेत्रका धैरै मानिसहरुको आवतजावतका क्रममा अधिकांशले सार्वजनिक सवारि प्रयोग गर्ने हुँदा एकअर्कामा भौतिक सम्पर्क धैरै हुन्छ र एकाध जनामा भाइरसको संक्रमण छ भने पनि त्यो धैरै भन्दा धैरै व्यक्तिमा सर्ने संभावना प्रवल रहन्छ। यसर्थ लकडाउनलाई बिस्तारै खुकुलो पार्दै आर्थिक गतिबिधिलाई खुल्ला गर्दै जाने हो भने यातायात क्षेत्रको

सुरक्षित सञ्चालनमा अहिले बाटै गम्भिर रुपमा गृहकार्य गरेर आवश्यक मापदण्ड, निर्देशिका जारि गरेर तथा सञ्चालनको बृहत खाका तयार पार्नु अत्यावश्यक छ।

लकडाउन हटेपछि यातायात क्षेत्रमा ठुलो संकटको स्थिति देखा पर्ने अवस्था छ। केहि महिना या बर्ष कोरोना भाईरसको महामारिको त्रासका कारण सावर्जनिक यातायात क्षेत्र सञ्चालन कठिन देखिन्छ भने मौजुदा अवस्थामा सञ्चालन हुदा पनि भाइरस संक्रमणको उच्च जोखीम हुन सक्छ । संक्रमणको डरले जनस्तरमा सार्वजनिक यातायातको प्रयोग प्रति आम रुपमै अरुचिको अवस्था आउने कुरा निश्चित छ र मानिसहरु निजि यातायातका साधनको प्रयोगलाई बढावा दिनेछन। ब्यक्तिगत प्रयोजनलाई सहज महसुस हुने निजि यातायातको प्रयोग केहि समय गरिसक्दा मानिसमा त्यसैति बानि पार्ने खालको गुणको बिकास हुने कुरा विभिन्न अनुसन्धानहरुले पत्ता लगाइसकेका छन। निजि सवारि साधन नहुनेहरुले पनि मोटरसाएकलजस्ता ब्यक्तिगत सवारि साधनहरु किन्नेतिर लालायित हुनेछन। उसै पनि नेपालमा आमप्रयोगका हिसावले खस्कदो दरमा रहेको सार्वजनिक यातायात बाट महामारिको जोखिमका कारण मानिसहरु निजि साधनतिर तिर स्थानान्तरण हुँदा दिगो यातायात बिकास र आर्थिक-सामाजिक किफायतिका हिसाबले अत्यन्त दुःखद कुरा हो। यसले मौजुदा पुर्वाधारको क्षमतामा अत्यधिक ह्रास ल्याउछ भने समग्र यातायात खर्च बढाउँछ। यसले अर्थतन्त्रमा तत्कालै र दुरगामी दुबै हिसाबले ब्यापाक असर पार्छ। यसलाई रोक्नेगरि हालसम्म राज्यको तर्फबाट पुर्वतयारि नदेखीएको अवस्थामा सार्वजनिक यातायातको क्षेत्रमा अबिलम्ब प्रभावकारि योजना र नितिगत हस्तक्षेपको जरुरी देखिन्छ।

यसै सन्दर्भमा यातायात क्षेत्र र बिशेष गरेर सार्वजनिक यातायात सञ्चालनमा अपनाउनुपर्ने पुर्वतयारी र दिर्घकालीन लाभका हिसाबले हाल अबलम्बन गर्नुपर्ने केहि कार्यनितिहरु बारे यहाँ बुँदागतरुपमा चर्चा गरिन्छ।

१) **यातायात को आवश्यकता नै घटाउनेः** यातायात सेवाको माग अन्य क्षेत्रका आवश्यकताहरुले सिर्जना गर्छ। जस्तै स्कुल-कलेज जानका लागि यात्रा, कार्यालय जानको लागि यात्रा, बैंक जानको लागि यात्रा अदि। संक्रमणको जोखिम कम गर्न अबको दिनमा हरेक आर्थिक क्षेत्रहरु सकेसम्म मानिसहरु एक ठाउँमा भेला हुन नपर्ने तरिकाले टाढै बाट सञ्चालन गर्न सकिन्छ। अधिकतम सुचना प्रविधिको प्रयोग गरेर घरबाटै वा कार्यस्थलम नगई टाढैवाट काम गर्ने बिधिलाई लाई टेलिकम्युटिङ भनिन्छ। यो लकडाउनमै पनि कतिपय स्कुलकलेज हरुले अनलाईन कक्षाहरु चलाएका छन, घरबाटै काम गर्ने र भिडियो कन्फरेन्स बाट बैठकहरु सञ्चालन आदिमा बढोत्तरी भएको छ। बैंकहरुले ईलेक्ट्रोनिक कारोबारहरुको दायरा बढाएका छन। यस्ता कार्यहरुले यात्रा गर्नुपर्ने आवश्यकता लाई घटाउँछ। अवका दिनमा यसलाई अझै बढावा दिंदै लैजाने योजना राज्यले गर्न सक्छ। कुनकुन क्षेत्रका कुनकुन खाले कार्यहरु घरबाटै गर्न सकिन्छ अध्ययन गरेर सोहि अनुसार लागु गर्न सकिन्छ। कतिपय ब्यक्तिहरुका लागि हप्तामा केहि दिन कार्यस्थल गएर सामुहिक प्रकृतिका कार्यहरु गरेर बाँकि दिन घरवाटै काम गर्ने मिश्रित बिधि अपनाउन पनि सकिन्छ। यसले एकातिर यात्राको लागि हुने समय र खर्चको बचत हुन्छ भने अर्कोतिर यात्रामा र कार्यक्षेत्रमा हुने संभावित संक्रमणको जोखिम पनि कम हुन्छ।

२) लकडाउन खोलेको सुरुवाती समयका लागि पहिलो चरणमा शहर र जिल्लाभित्रमात्र सञ्चालन हुने छोटो दुरिका यातायात साधनहरु खुल्ला गर्नु उपयुक्त हुन्छ। र संक्रमणको अवस्था र जोखीम हेरेर बिस्तारै आवतजावतको कभरेज बढाउन सकिन्छ। यसले 'जोनिङ' गरेर मिश्रित प्रकारको लकडाउन गर्ने मोडललाई पक्षपोषण गर्छ।

३) **यातायातका साधनहरु सुरक्षित र निसंक्रमण गरिराख्ने**ः हरेक यातायातका साधनहरु नियमित रुपमा धुने र यात्रुहरुको संपर्कमा आउनसक्ने सतहमा नियमित डिस्इन्फेक्टान्टहरुले सफा गर्ने कार्यलाई अनिवार्य गर्ने। सवारि साधनहरु हरेक ट्रीप पछि डिस्इन्फेक्टिङ केमिकल छर्ने र हरेक दिनको काम सकेपछि पुर्णरुपमा धुने ब्यवस्था गर्नु आवश्यक हुन्छ।

४) **यात्रुहरुको बिचमा दुरी कायम गराउने**ः यात्रुहरुलाई सवारि साधनमा चढ्नेबेला लाईनमा बस्न लगाउने, मास्क र पन्जा अनिवार्य गर्ने, ढोकाछेउमा ह्याण्ड स्यानिटाइजर लिन सकिने गरि ब्यवस्था गर्ने, दुई यात्रुहरु बस्दा बिचमा एउटा सिट खालि रहने गरि बसाउने। प्रभावकारि अनुगमनका लागि हरेक सवारी साधनमा सिसि क्यामेरा, जिपिएस र सेन्सरहरुको प्रयोग गर्ने। तिनिहरुलाई केन्द्रिकृत सुचना प्रणालिमा जोडेर कन्ट्रोलरुमबाट अनुगमनको ब्यवस्था गर्ने। यात्राबापतको भाडा नगदमा लिने कार्यलाई अब बिध्युतीय कारोबारले बिस्थापन गर्न जरुरि देखिन्छ, जुन तत्कालै असहज छ। तर सम्बध्द निकाय अग्रसर हुने हो भने हालको लकडाउनको समय यस्तो प्रणालीको बिकास गर्ने र जनतालाई सिकाउने कार्यमा प्रयोग गर्न सकिन्छ।

यसरि सुरक्षाका विभिन्न उपाएहरु अवलम्बन गरि कम यात्रुहरु राखेर सवारी चलाउँदा सेवा प्रदायकहरुलाई स्वभाविक रुपमा आर्थिक व्ययभार बढ्नेछ। भाईरस संक्रमणको जोखिम मोलेर दुरि कायम गर्न न्युन यात्रुहरु बोक्नपर्ने तर मौजुदा अवस्थाको भन्दा बढि सञ्चालन खर्च व्यहोरेर माथि उल्लेखित बिधिहरु अपनाएर सेवा सञ्चालन गर्न सेवा प्रदायाकहरुलाई अरुचि हुन सक्छ। न्यायोचित मुनाफा आर्जन हुने अवस्थाको ग्यारेण्टि गर्नु राज्यको दायित्व हो। यसका लागि भाडादर समायोजन गर्ने वा छुट्टै कोष खडा गरेर प्रभावकारी अनुदानको व्यबस्था गर्नुपर्ने अवस्था समेत आउन सक्छ। यस्तो परिप्रेक्षमा भोलिका दिनमा सार्वजनिक यातायातलाई कुन मोडलमा सञ्चालन गर्ने राज्यको निति हो सोहि दिशा पकड्ने गरि अनुदानको मार्गचित्र तयार गर्न सकिन्छ। यस्तै सङ्कटको बेला नै कतिपय अवस्थामा पद्दती सुधारको अवसर हुन सक्छ।

उदाहरणको लागिः सिन्डिकेट अन्त्यको घोषणा सँगै सार्वजनिक यातायात सेवाप्रदायकहरु कम्पनि, सहकारि या फर्मको रुपमा दर्ता गरेर मात्र सञ्चालन अनुमति दिने व्यवस्था गरिएकोमा सेवा प्रदायकहरु सोहिअनुसार कम्पनि वा फर्मको रुपमा दर्ता त भएका छन तर हालसम्म पनि सबैजसो सवारी साधनहरु भने ब्यक्तिगत स्वामित्वमै छन। यसले गर्दा एउटै रुटमा भएको अघिल्लो र पछिल्लो सवारिसाधनले अनावश्यक प्रतिस्पर्धा गरेर क्षमता भन्दा बढि यात्रुहरु बोक्न खोज्ने, दुर्घटना बढाउने आदि बिभिन्न समस्याहरुले हाम्रो सार्वजनिक यातायात बदनाम रहेको मौजुदा अवस्था हो।

कम्पनि वा फर्मको स्वामितत्वमा भएका सवारिलाई मात्र यस्तो अनुदान दिने या सञ्चालनको अनुमति दिने व्यवस्था गर्ने हो भने बिस्तारै सवारी साधनहरु फर्म या कम्पनिको स्वामित्वमा आउनेछन्। प्रतिस्पर्धात्मक रुट पर्मिट जारि गर्नेलागायतका धेरै सार्वजनिक यातायातको सुब्यबस्थाको लागि यसले दिर्घकालीन फाईदा पुर्याउनेछ।

हाम्रो सार्वजनिक यातायात व्यवस्था सहज, भरपर्दो र सुविधाजनक नभइरहेको बिध्दमान अवस्थामा कोरोना महामारिले सिर्जेको यो संकटले यो क्षेत्रका बिविध पक्षमा नितिगत हस्तक्षेप गरेर सुधार गर्ने सकिने दुर्लभ अवसर प्रदान गरेको छ। जारी लकडाउन अन्त्यपछि सुरुवातबाटै सतर्कता अपनाएर यातायात क्षेत्रलाई सुरक्षित रुपमा सञ्चालन गर्ने प्रभावकारि खाका सम्बन्धित निकायले तयार गर्न सक्दामात्र अन्य समग्र क्षेत्रका आर्थिक गतिबिधिहरु सुरक्षित रुपमा सञ्चालन गर्ने कल्पना गर्न सकिन्छ। यसका लागि आवश्यक निर्देशिका, मापदण्ड वा कार्यविधि लागु गरि यातायात क्षेत्रको प्रभावकारि सञ्चालनका लागि सरकार तथा सेवा प्रदायकहरुले आजैबाट अहोरात्र तयारि गर्नुपर्ने देखिन्छ।

-श्रीराम ढकाल

*<u>प्रतिकृयाको लागिः</u>*

Email: dhakal.shreeram@gmail.com